Website copy


प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल


visit Nepal 2020 Lifetime Experiences

पत्र संख्या:- २०७६/७७
चलानी नं.:- ५५६०

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. ५ बुटवल

मितिः- २०७६/१०/१७

विषयः- निर्णयहरु कार्यान्वयनको लागि पठाईएको सम्बन्धमा ।

श्री आर्थिक मामिला तथा योजना मन्त्रालय,
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय,
श्री भूमी व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय,
श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
श्री सामाजिक विकास मन्त्रालय,
प्रदेश नं. ५, बुटवल ।

प्रस्तुत विषयमा मिति २०७६/१०/१५ गते प्रमुख सचिवज्यूको अध्यक्षतामा बसेको ५७ औ सचिव बैठकका निर्णयहरु आवश्यक कार्यान्वयनको लागि यसै साथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

सादर अवगतार्थः
माननीय मुख्यमन्त्रीज्यू ।
माननीय मन्त्रीज्यू (सबै मन्त्रालय)

०७६/१०/१७
कृष्ण प्रसाद पराजुली
अधिकृत सातौ

प्रदेश सरकार
प्रदेश नं ५
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
बुटवल, नेपाल

सचिव बैठक नं: ५७
बैठक मिति: २०७६/१०/१५

उपस्थिती

| | | |
|---|---|---|
| श्री तोयनारायण ज्ञवाली | प्रमुख सचिव | प्रदेश नं. ५ |
| श्री टेकनारायण पाण्डे | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री राजेन्द्र थापा | सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| श्री मधु कुमार मरासिनी | सचिव | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| श्री राधा वाग्ले | सचिव | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| श्री नूर महम्मद खाँ | सचिव | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| श्री गोपीकृष्ण खनाल | सचिव | सामाजिक विकास मन्त्रालय |
| श्री श्रीधर ज्ञवाली | नि. सचिव | भूमिव्यवस्था कृषि तथा सहकारी मन्त्रालय |
| श्री हरिहर पोखरेल | नि. सचिव | आन्तरिक मामिला तथा कानून मन्त्रालय |

आमन्त्रित

| | | |
|---|---|---|
| श्री यमकान्त पाण्डेय | उपसचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |

निर्णयहरु

१. आ.व. २०७६/७७ को अर्धवार्षिक प्रगति समिक्षामा कम प्रगति देखिएका मन्त्रालयहरुले पहिलो चौमासिकको बाँकी र दोश्रो चौमासिकको लक्ष्य हासिल हुने गरी समयमै प्रभावकारी रुपले कार्यक्रम तथा आयोजनाहरु कार्यान्वयन गर्ने, गराउने ।

२. नेपालको संविधानले दिएको प्रदेशको जिम्मेवारी, कार्यविस्तृतिकरण प्रतिवेदन, प्रदेश कार्यविभाजन नियमावली, प्रदेशको नीति कार्यक्रम, प्रथम आवधिक योजना र बजेट अनुरुप मन्त्रालय र अन्तर्गत के कस्तो संगठन संरचना आवश्यक पर्छ ? काममा दोहोरोपना नहुने र छरितो

व्यवस्थापनको अवधारणामा आधारित रही मन्त्रालय  र अन्तर्गतको संगठन संरचनाको अध्ययन विश्लेषण र छलफलका लागि मस्यौदा तयार गर्ने ।

३. नेपालको संविधान, कार्यविस्तृतीकरण प्रतिवेदन, प्रदेश सरकारको कार्यविभाजन नियमावलीबमोजिमको कार्यक्षेत्र अनुरुप मन्त्रालयहरुले तयार गर्ने विधेयकहरु प्राथमिकताका साथ तयार गरी आवश्यक स्वीकृतीका लागि पेश गर्ने ।

४. प्रदेश निजामती सेवा ऐनको मस्यौदा प्रकृया अगाडि बढेकोले मन्त्रालय वा अन्तर्गतका निकायमा आवश्यक सेवा, समूह, उपसमूहको विवरण तयार गरी मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने ।

५ मन्त्रालय तथा अन्तर्गत निकायहरुले अवलम्वन गर्नुपर्ने आन्तरिक नियन्त्रण प्रणालीमा सवै मन्त्रालयहरुले विशेष ध्यान दिने ।

६. आगामी २०७७ वैशाखमा संचालन हुने प्रदेश लगानी सम्मेलनका लागि आवश्यक Project Document  विषयक्षेत्रगत कार्यजिम्मेवारी अनुरुप सवै मन्त्रालयहरुको समन्वय र सहकार्यमा तयारगर्ने ।

७. प्रदेशका मन्त्रालय र अन्तर्गत कार्यालयहरुले सुशासन प्रवर्द्धनका लागि सेवालाई गुणस्तरिय वनाउने साथै, हाजिरी, ड्रेसकोड, समयपालना, नियमितता, तोकिएको आचरण, नियमित स्टाफ मिटिङ एवं सूचना अधिकारीका कामलाई व्यवस्थित र प्रभावकारी वनाउने ।